# दीर्घकालीन मंगला-सहाना पुनर्स्थापना केन्द्र स्थापना सम्वन्धी कार्यक्षेत्रगत शर्त (TOR) हरु

२०७५

महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## हिंसापीडित महिला तथा किशोरीहरुलाई सुरक्षित र पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला - सहाना पुनर्स्थापना केन्द्रको स्थापना गर्ने सम्वन्धी कार्यक्षेत्रगत शर्त (TOR) हरु

## १. पृष्ठभूमि

आज पनि समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक विभेद कायमै रहेको छ । त्यसमा पनि महिला र वालिका भएका कारण समाजमा गरिने भेदभावको मात्रा उच्च रहेको छ । यसको ज्वलन्त उदाहरणको रुपमा लैङ्गिक हिंसालाई लिन सकिन्छ । लैंगिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसालाई जनाउँछ । यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यवहारका विभिन्न स्वरुपहरु हुन्छन जस्तै हत्या, कुटपीट, यौन शोषण, दाइजोसंग सम्बन्धित हिंसा, बलात्कार, एवं वैवाहिक बलात्कार, जवरजस्ती करणीवाट गर्भधारण, यातना, पम्परागत प्रचलनको नाममा महिला माथि हुने दुर्व्यवहार, श्रीमान् वा श्रीमान्का नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसंग सम्बन्धित हिंसा, कार्य क्षेत्रमा हुने यौन दुर्व्यवहार, महिला तथा वालवालिकाको ओसारपसार तथा वेचविखन, मानव अंगको किनवेच एवं जवरजस्ती रुपमा गरिने देह व्यापार, वालविवाह, वालश्रम आदि पर्दछन् । लैङ्गिक हिंसाले महिला तथा पुरुषहरु विरुद्धको हिंसालाई पनि जनाउने भएतापनि नेपालको वास्तविकतालाई नियन्त्रण एवं सम्बोधनका प्रयासहरुले महिला र वालवालिकालाई नै विशेष जोड दिइएको छ ।

नेपालमा दाइजो, बोक्सी, छाउपडी लगायतका कुप्रथा, अन्धविश्वास तथा कुसंस्कारका कारणवाट निर्दोष महिलाहरु घरेलु हिंसा, बलात्कार तथा यौनजन्य हिंसा, कार्यस्थलमा हुने हिंसा, आर्थिक तथा सांस्कृतिक हिंसा लगायत विभिन्न स्वरुपमा लैङ्गिक हिंसाका शिकार भइरहेका छन् । यसप्रकारका लैङ्गिक हिंसा गम्भीर किसिमका मानव अधिकारको उल्लघंन अन्तर्गत पर्दछ । समानता, विकास र शान्ति प्राप्तिका बाधकका रुपमा रहेको यस्तो लैङ्गिक हिंसा अन्त्य गरी महिला विरुद्ध हुने सवै प्रकारको भेदभाव उन्मुलन गर्नका लागि नेपाल सरकारले विगत देखि नै विभिन्न प्रयासहरु गर्दै आइरहेको छ । नेपाल सरकारले महिला विरुद्ध हुने सवैप्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि लाई २०४७ अर्थात सन् १९९१ मा अनुमोदन गरी सो महासन्धिको मर्म अनुसार ऐन, नियम, नियमावली, निर्देशिका, कार्ययोजना तयार गरी सोही मुताविक आफ्ना कामकारवाहीलाई अगाडि बढाउने प्रयासको निरन्तरताको रुपमा जाने क्रममा दीर्घकालिन मंगला-सहाना पुनर्स्थापना केन्द्रको अवधारणा अघि सारिएको हो ।

नेपाल सरकारले महिला, वालवालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय अन्तर्गत घरेलु हिंसावाट पीडितहरुलाई तत्काल सुरक्षा प्रदान गर्नको लागि हाल ३६ वटा जिल्लामा सेवा केन्द्र संचालन गरेको छ । यस सेवा केन्द्रमा आवश्यकतानुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध हुन्छन् । सेवा केन्द्रको सञ्चालन गर्नको लागि लैंगिक हिंसा निवारण कोषको स्थापना गरिएको छ । लैंगिक हिंसावाट पीडित वालवालिका तथा किशोर किशोरी वा लैंगिक हिंसावाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिको सुरक्षाको लागि समेत लैंगिक हिंसा निवारण कोषको रकम खर्च गर्न सकिने छ । सेवा केन्द्रमा खाने, वस्ने तथा छोटो अवधिको सीपमूलक तालिम प्रदान गरिन्छ । यी केन्द्रमा पीडित र प्रभावितहरुलाई ४५ दिन सम्म राख्न

सकिने प्रावधान रहेको छ । यसको साथै मानव वेचविखनवाट पीडित र प्रभावितहरुलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउने प्रयोजनको लागि १० वटा जिल्लामा पुनर्स्थापना केन्द्र संचालन भएका छन् । यस्ता केन्द्रहरुमा मानव वेचविखनवाट पीडित तथा प्रभावितहरुलाई ६ महिना सम्म राख्न सकिने प्रावधान रहेको छ । विभिन्न हिंसावाट पीडित तथा प्रभावितहरु तोकिएको अवधिसम्म यी सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरुमा रहँदा पारिवारिक रुपमा तथा समाजमा पूर्ण रुपमा पुनर्स्थापना हुन नसक्ने अवस्था एकातिर छ भने अर्को तिर घरवार विहिन, आर्थिक कारणले अति कमजोर र सामाजिक कारणले अलपत्र परेका विपन्न महिला, वालिका तथा किशोरी पुन हिंसामा पर्न सक्ने सम्भावना हुन्छ । यस्ता पीडित तथा प्रभावितहरुको मानव अधिकारको संरक्षण गरी सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि आदिको माध्यमवाट दीर्घकालमा आत्मनिर्भर नागरिकको रुपमा विकास गर्नको लागि दीर्घकालीन केन्द्रको आवश्यकता महसूस गरी आ.व.२०७१/७२ देखि निरन्तररुपमा संचालनमा रहेको । चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा सातै प्रदेशमा दीर्घकालीन पुर्नस्थापना केन्द्र संचालन गर्ने गरी बजेट विनियोजन भएको छ ।

## २. मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको उद्धेश्य

निम्न उल्लेखित उद्धेश्यहरु पुरा गर्नको लागि मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना गरिएको छ :

सबैप्रकारको हिंसा पीडित महिला बालिका तथा किशोरीहरुको लागि पर्याप्त, सुरक्षित र संरक्षित वातावरणमा आवासीय हेरचाह सुविधा प्रदान गर्ने ।

लैंगिक हिंसावाट पीडितहरुलाई शारीरिक तथा मानसिक उपचार, कानूनी सहायता, मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।

लैंगिक हिंसावाट पीडित तथा प्रभावितहरुलाई आवश्यकतानुसार शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।

लैंगिक हिंसावाट पीडित तथा प्रभावितहरुलाई बीउ पुजी प्रदान गरी स्वरोजगार तथा आत्मनिर्भर वन्न प्रेरित गर्ने ।

लैंगिक हिंसावाट पीडित तथा प्रभावितहरुको क्षमता विकास गरी परिवार तथा समाजमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउने ।

लैंगिक हिंसावाट पीडितहरुलाई पुनः पीडित हुनबाट जोगाई अधिकतम मात्रामा पुनर्लाभको स्थितिमा पुऱ्याउने उनीहरुको लागि दीगो र स्थायी अवसर सिंजना गराउने ।

पीडितहरुको व्यक्तिगत रुपमा उनीहरुको घटनाहरुका सम्वन्धमा योजना बनाई गुणस्तरीय संरक्षण र सहायता प्रदान गर्ने ।

पीडितहरुका लागि तालिम प्राप्त जनशक्तिको सहयोगात्मक र समन्वयात्मक तरिकाबाट लैङ्गिक संबेदनशिलता अपनाई बहुपक्षीय संरक्षण सेवा उपलब्ध गराउने ।

पीडकलाई कानुनी सजाय दिलाउन पीडितहरुलाई सहयोग गर्ने पीडितको न्यायमा पँहुच सुनिश्चित हुने वातावरण तयार गर्ने ।

सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउन नसकिने खालका हिंसापीडितहरुलाई क्षमता अनुसार व्यवसायिक तालिम प्रदान गरी बीउंपूजी समेत उपलब्ध गराई आत्मनिर्भरको लागि सक्षम बनाउने ।

**३.मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको लक्षित समूह**

अल्पकालीन सेवा केन्द्र तथा पुनस्थार्पना केन्द्रले सिफारिस गरी पठाएका लैंगिक हिंसावाट पीडित तथा प्रभावित व्यक्तिहरु ।

लैंगिक हिंसापीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी मन्त्रालयले उपयुक्त ठहराएका व्यक्तिहरु ।

लैङ्गिक हिंसापीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी स्थानीय तहबाट सिफारिस गरेका व्यक्तिहरु ।

लैंगिक हिंसाबाट पीडित र घरबारविहिन वा आर्थिक रुपले अत्यन्तै कमजोर र सामाजिक कारणले अलपत्र परेका विपन्न महिला, वालिका तथा किशोरीहरु ।

पुन लैंगिक हिंसामा पर्न सक्ने जोखिममा रहेका व्यक्तिहरु ।

**४. केन्द्रको कार्यक्षेत्र र संम्पादन गनुपर्ने काम :**

(क) मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको कार्यक्षेत्र निम्नानुसारको हुनेछ ।

लैंगिक हिंसामा पीडित तथा घरवार विहिन वा आर्थिक रुपले अत्यन्तै कमजोर र सामाजिक कारणले अलपत्र परेका महिला किशोरी र बालिकाहरु यस केन्द्रमा राखी तोकिएवमोजिमको सेवा प्रदान गर्नु पर्नेछ । तर मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको क्षमता र भारको आधारमा लैंगिक हिंसामा पीडित/प्रभावितहरुलाई प्राथमिकतामा राखी सेवा सुविधा प्रदान गर्ने सकिनेछ ।

पुनर्स्थापना गृह तथा अल्पकालिन सेवा केन्द्रमा रही सेवा प्राप्त गरेका महिला, किशोरी तथा वालिकाहरुको समाज तथा परिवारमा पुनर्स्थापना गर्ने

उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन, न्यायमा पहुँच, रोजगारी वा स्वरोजगारी जस्ता पक्षमा नेपाल सरकारका सम्बन्धित निकाय गैरसरकारी, सरकारी वा निजी संस्थासँग समन्वय स्थापना गरी सहयोग आदान प्रदान गर्ने ।

(ख) मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने परामर्शदाताले निम्नानुसारको कार्य सम्पादन गर्नुपर्नेछ ।

हिंसा पीडित महिला बालिका तथा किशोरीहरुको लागि सुरक्षित र संरक्षित वातावरणमा निम्न सुविधा प्रदान गर्ने,

- सुरक्षित आवास र भोजनको व्यवस्था
- लत्ताकपडाको व्यवस्था
- मनोसामाजिक परामर्श तथा मनोसामाजिक सेवाको व्यवस्था
- स्वास्थ्य सेवा (शारीरिक तथा मानसिक उपचार)
- कानूनी सहयोग
- शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि
- पीडितहरुलाई स्वरोजगार तथा आत्मनिर्भर वनाउन वीउ पुजी प्रदान गर्ने ।
- पीडितहरुको पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन ।

**५. परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता**

(क) परामर्शदाता मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रमा नियमित तर्फ कम्तिमा निम्नानुसारको जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

केन्द्र प्रमुख - १ जना

मनोविमर्शकर्ता - २ जना

कानूनी सल्लाहकार- १ जना

प्रशिक्षक - १ जना (आवश्यकतानुसार थप गर्न सकिने)

वार्डेन - २ जना(२४ घण्टा सेवा प्रदान गर्नुपर्ने)

खाना पकाउने भान्से तथा सरसफाईमा सहयोगी -२ जना

चौकीदार सुरक्षा गार्ड - २ जना (२४ घण्टा सेवा प्रदान गर्नुपर्ने)

**६ .नियमित तर्फका जनशक्तिको योग्यता र अनुभव**

**केन्द्र प्रमुखः** कम्तिमा स्नातक विषय उत्तीर्ण, व्यवस्थापकीय ज्ञान तथा दक्षता भएको केन्द्रको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्नसक्ने, न्यूनतम मानव अधिकार, मानव बेचबिखन तथा ओसार पसार लगायत लैगिंक हिंसा निवारण सम्बन्धी जानकार भई सरकारी तथा अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी निकाय वा सरकारी संस्थामा तीनवर्ष काम गरेको एंव सरोकारवालासँग समन्वय सहकार्य गर्न सक्ने क्षमता भएको व्यक्ति हुनुपर्ने ।

**मनोविमर्शकर्ताः** कम्तिमा ७२० घण्टाको मनोविमर्श सम्बन्धी तालिम लिएको वा कुनैपनि विश्व विद्यालयवाट Clinical Psychology विषयमा स्नातक तह पुरा गरेको हुनुपर्ने ।

**प्रशिक्षकः** व्यवसायिक तथा सीप विकास र सुरक्षा प्रदान गर्नको लागि आवश्यकता अनुसार प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ ।

**वार्डेन :** केन्द्को आन्तरिक व्यवस्थापन गर्न सक्ने र कम्तिमा SLC उत्तीर्ण हुनुपर्ने ।

**चौकीदारः** केन्द्रको सम्पूर्ण रेखदेख गर्नसक्ने हुनुपर्ने ।

ख) परामर्शदाताले केन्द्र संञ्चालनको लागि आवश्यकताको आधारमा थप जनशक्तिको व्यवस्था हुनुपर्ने छ ।

कानून अधिकृत - कम्तीमा कानुन विषयमा स्नातक उत्तीर्ण लैंगिक हिंसा तथा मानव अधिकारको क्षेत्रमा अनुभव प्राप्त गरेको व्यक्ति

**चिकित्सक :** आवश्यकतानुसार केन्द्रको Clinic मा आएर विरामीको जाँच र उपचार गर्ने, केन्द्रले खोजेको जुनसुकै समयमा पनि केन्द्रमा उपलब्ध हुने स्वास्थ्य पारिवारवाट मान्यता प्राप्त कम्तिमा मेडिकल अधिकृत वा सो सरहको चिकित्सक ।

## ७. अनुमानित समय

परामर्शदाताले मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र २०७७ असाढ मसान्तसम्म सञ्चालन गर्नुपर्नेछ र आवधिक प्रतिवेदनको आधारमा सञ्चालन अवधि थप गर्न सकिनेछ । परामर्शदाताको काम कारवाही चित्त नबुझेको अवस्थामा मन्त्रालयले जुनसुकै अवस्थामा पनि हटाउन सक्नेछ ।

## ८. परामर्शदातालाई उपलब्ध गराउने सूचना, भौतिक सुविधाको विवरण :

मंगला सहाना दीर्घाकालीन पुनर्स्थापना गृह सञ्चालनको लागि मन्त्रालयले नेपाल वालसंगठनको सीफलमा रहेको जग्गा र त्यसमा रहेका तीन वटा  भवन उपलब्ध गराउनेछ । केन्द्र सञ्चालनमा आइसकेपछि भवनको नियमित मर्मत सुधारको कार्य सेवा प्रदान गर्ने संस्थाले गर्नुपर्नेछ । अन्य व्यवस्था सम्झौतामा तोकिए बमोजिम हुनेछ । सो केन्द्र संचालनको निमित्त  चाहिने फर्निचर, लगायतका सामानहरु मन्त्रालयले उपलब्ध गराउनेछ ।

## ९. परामर्शदाताले प्रतिवेदन पेश गर्नुपर्ने :

परामर्शदाताले मंगला सहाना दीर्घाकालीन पुनर्स्थापन केन्द्र सञ्चालन सम्बन्धी प्रगति विवरण तोके बमोजिमको ढाँचामा मसिक रुपमा गर्नुपर्नेछ  र आ.व. को अन्त्यमा वार्षिक प्रतिवेदन मन्त्रालयलाई बुझाउनु पर्नेछ ।

## १०. परामर्शदाताको  छनौट  :

परामर्शदाताको प्रस्तावको छनौट गर्दा गुणस्तर र लागत विधिको आधारमा कामको  अनुभव, आर्थिक क्षमता, तथा दक्ष जनशक्तिको योग्यतालाई आधार मानी आर्थिक र  प्राविधिक  प्रस्तावको आधारमा छनौट गरिनेछ । परामर्शदाताले

आर्थिक र प्राविधिक प्रस्तावको पेश गर्दा तोकिएको ढांचामा पेश गर्नुपर्नेछ । आर्थिक र प्राविधिक प्रस्तावको ढांचा अनुसूचिमा समावेश गरिएकोछ ।

अनुसूची-४

**प्राविधिकप्रस्तावको ढाँचा**

---

प्राविधिक प्रस्ताव
संस्थाको नाम
ठेगाना.........................

**विषय : प्राविधिक प्रस्ताव पेश गरिएको बारे ।**

मिति : ....................................
श्रीमान् सचिवज्यू,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।

महाशय,

हिंसा पीडित महिला तथा किशोरीहरुको लागि मंगला सहाना दीर्घकालिन पुनर्स्थापना केन्द्रको व्यवस्थापन गर्नका लागि हामीले त्यहाँको मिति.....................को ................मा प्रकाशित सुचना बमोजिमको प्राविधिक प्रस्ताव निर्धारित ढाँचामा यसै साथ संलग्न राखी खाममा सिलबन्दी गरी पेश गरेका छौं । हामीले यो प्रस्ताव.......... (संयुक्त साझेदारी भए संस्थाको नाम) संस्थासँग संयुक्त साझेदारीमा पेश गरेकाछौं ।

यो प्रस्तावमा दिईएका विवरणहरु सत्य तथा यथार्थपरक छन् र तिनमा कुनै किसिमको छलकपट गरिएको छैन । यदिकुनै विवरण झुठो वा असत्य भए, गरेको ठहरिएमा यो प्रस्ताव अयोग्य मानिने छ भन्ने शर्तमा हाम्रो सहमति छ ।

हामीले पेश गरेको प्रस्ताव त्यस मन्त्रालयले स्वीकार गर्न बाध्य हुने छैन भन्ने कुरो पनि हामीले राम्ररी बुझेकाछौं ।

अधिकृत व्यक्तिको हस्ताक्षर :
नाम थर :
पद :
संस्थाको नाम र ठेगाना :
ठेगाना :
छाप :

**विवरण खण्ड १ : संस्थाको परिचय**

बढीमा २ पानामा संस्थाको उद्देश्य, कार्य, कार्यक्षेत्र लगायतका परिचयात्मक विवरण दिनुहोस् । र संस्थाको संगठनात्मक तालिका संलग्न गर्नुहोस् । संयुक्त साझेदारी भएमा साझेदार संस्थाकोसमेत उल्लेख गर्नुहोस् । संस्थाको विधानको छायाँप्रति राख्नुहोस् ।

**विवरण खण्ड २ : संस्थाको दर्ता, अनुभवतथा कर चुक्ताको स्थिति**

| सि.न. | विवरण | | संलग्न कागजात | कैफियत |
|---|---|---|---|---|
| १. | १. संस्थाको दर्ता मितिः | दर्ता मितिः<br>•दर्ता भएको कार्यालय :<br>• दर्ता नं : | छ/छैन | • कम्तिमा ५ वर्ष अगाबै दर्ता भएको हुनुपर्ने छ ।<br>• दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| २. | मु.अ. करमादर्ता | • दर्ता मिति :<br>• दर्ता भएको कार्यालय :<br>• दर्ता नं. : | छ/छैन | • दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| ३ | कर चुक्ता | गरेको/नगरेको | छ/छैन | कर चुक्ता प्रमाणको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| ४. | यस क्षेत्रमाकाम गरेको अनुभव | गरेको/नगरेको | छ/छैन | प्रमाणितकागजात संलग्न राख्नुपर्नेछ । |
| ५. | लेखापरीक्षण गराएको | गराएको/नगराएको | छ/छैन | लेखापीरक्षण भएको वासलातको छायाँप्रति राख्नुपर्नेछ । |

**विवरण खण्ड २.वित्तीय क्षमता**

| आ.व. | जम्मा कारोवार रु. | कैफियत (लेखापरीक्षण भएको आम्दानी वा आय-व्यय विवरणको छाँयाप्रति राख्नुपर्नेछ ।) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| **जम्मा** | | |

विवरण खण्ड ३ : पेशागत जनशक्ति

| सि.नं. | जनशक्तिको विवरण | विषयगत क्षेत्र | शैक्षिक योग्यता | अनुभव | सम्बन्धित विषयमा अनुभव | कार्य क्षेत्र | नियमित कर्मचारी वा<br>वाह्य स्रोत व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

विवरण खण्ड ४ : हालकुनै आयोजना/कार्यक्रमको कामको जिम्मेवारी लिएको भए विवरण

| सि.नं | आयोजनाको नाम, ठेगाना | संझौता मिति | सम्पन गर्नपुर्ने अवधि | हालसम्मको प्रगतिको अवस्था | आयोजनाको टेलिफोन न | स्रोत दाताः नेपाल सरकार वादातृ संस्था वाअन्तराष्ट्रिय गैससको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

विवरण खण्ड ५. सम्पन्न गरेको आयोजना वा कार्यक्रमको विवरणः(बढीमा ३ वटाको दिनुहोस)

| | | |
|---|---|---|
| आयोजनाको नाम | | |
| आयोजना संचालन गर्न दिने संस्था | | |
| देश | आयोजना संचालन भएको क्षेत्र | |
| सहभागिता | नेतृत्वदायी संस्थाको रुपमा | |
| सम्झौता गरेको रकम | ने.रु. | अमेरिकी डलरमा |
| खर्च व्यहोर्ने श्रोत | नेपाल सरकार वाअन्यदातृ संस्थाको नाम | |
| सम्झौताको अवधि | | साल/महिना/गते |
| शुरु मिति | | साल/महिना/गत |
| सम्पन्न मिति | | |
| साझेदारी संस्था भए नाम : | | |
| पेशागत जनशक्ति उपलब्ध गराएको भए सो को विवरण | | |
| सो काममा संलग्न टोली प्रमुख ,निर्देशक वा समन्वयकर्ताको नाम र ठेगाना | | |
| आयोजना कार्यक्रमको विस्तृत विवरण | | |
| संस्थाबाट प्रदान गरिएको मुख्य मुख्य सेवाको विवरण | | |

विवरण खण्ड ६ संस्थाले हाल सम्म गरेको कामको आधारमा प्राप्त गरेको पुरस्कार ,सम्मान

| सि.नं | आयोजना/कार्यत्र ्रमको नाम | संभ्कौताा मति | सम्पन्न गरेको मिति | प्रदान गर्ने संस्थाको नाम | सम्मान पत्र वानगद पुरस्कार | कैफियत प्राप्त गरेको सम्मान वापुरस्कारको प्रमाण–पत्रको छाँयाप्रति राख्न् ु पनर्छे। ) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**विवरण खण्ड ७ : संस्थागत समष्टिगत प्राविधिक क्षमता**

- माथि प्रस्तुत विवरणको आधारमा कार्यक्षेत्रगत शर्त पुरा गर्नमा संस्था कत्तिको सक्षम छ भन्ने ब्यहोरा बढीमा एक पानामा खुलाउनुहोस् ।

**विवरण खण्ड ८ : ब्यवस्थापकीय क्षमता (एक-एक अनुच्छेद मा लेख्नुहोस् । )**

- **संस्थाले उल्लेखित केन्द्रको आवश्यक ब्यवस्थापन गर्न सक्दछ भन्ने व्यहोरा खुलाउनुहोस् ।**

- **कार्यक्रम सञ्चालन गर्ने क्रममा संस्थामा जनगुनासो वाउजुरी प्राप्त भएमा त्यसको संवोधन गर्न आन्तरिक नियन्त्रणको ब्यवस्थाबारे उल्लेख गर्नुहोस् ।**

- **संस्था छनौट भै कार्यसम्पादन गर्ने जिम्मेबारी पाएमा संभ्कौता बमोजिम तोकिएका शर्तहरुको पालना बारे उल्लेख गर्नुहोस् ।**

- **संस्थाले यो कार्यक्रमस्थल वा नजिकको क्षेत्रमा कार्यक्रम संचालन गरेको छ भने कुन-कुन जिल्लामा गरेकोछ ?**

- **यो कार्यक्रमको क्षेत्रमा काम गर्न संस्थागत रुची कत्तिको छ ?**

- **यो कार्यक्रम स्थलबाट उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलनका क्रममा सेवा प्रदान गर्न कत्तिको सहज होला?**

द्रष्टव्य : प्रत्येक पानामा अधिकृत व्यक्तिले हस्ताक्षर गर्नुपर्नेछ ।

आर्थिक प्रस्ताव

संस्थाको नाम................
ठेगाना....................
मितिः...................

**विषयः आर्थिक प्रस्ताव पेश गरिएको बारे ।**

श्रीमान्सचिव ज्यू,
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,................।

महासय,

हिंसा पीडित महिला तथा किशोरीहरुको लागि मंगला सहाना दीर्घकालिन पुनर्स्थापना केन्द्रको व्यवस्थापन गर्नका लागि हामीले त्यहाँको मिति.......................... को...............मा प्रकाशित सुचना बमोजिमको आर्थिक प्रस्ताव निर्धारित ढाँचामा यसै साथ संलग्न राखी छुट्टै खाममा सिलबन्दी गरि पेश गरेका छौं ।हामीले यो प्रस्ताव....................(संयुक्त साझेदारी भए संस्थाको नाम) संस्थासँग संयुक्त साझेदारीमा पेश गरेका छौ ।

यो प्रस्तावको मूल्य अभिवृद्धि कर बाहेकको कुल जम्मा रकम रु..............(अक्षरुपी रुपैयाँ............) छ । संझौताका बखत मूल्य अभिबृद्धि कर समेत थप गरिनेछ । यो प्रस्तावमा दिइएका विवरणहरु सत्य तथा यथार्थपरक छन् र तिनमा कुनै किसिमको छलकपट गरिएको छैन । यदि कुनै विवरण झुठो वा असत्य भए, गरेको ठहरिएमा यो प्रस्ताव अयोग्य मानिनेछ भन्ने शर्तमा हाम्रो सहमति छ ।

हामीले पेश गरेको प्रस्ताव त्यस कार्यालयले स्वीकार गर्न बाध्य हुनेछैन भन्ने कुरो पनि हामीले राम्ररी बुझेकाछौ ।यो प्रस्तावको मान्यअवधि...........महिना..........दिन हुनेछ ।

अधिकृत व्यक्तिको हस्ताक्षरः
नाम थर :
पदः
संस्थाको नामः
ठेगानाः
छापः

**विवरण खण्ड १ : कार्यक्षेत्रगत शर्तको मापदण्ड पुरा गर्ने गरी प्रस्तावकको कबोल अंङ्क**

| सि.नं. | विवरण खण्ड | एकाई | प्रतिएकाई लाग्ने खर्चको दर | जिल्ला समितिले दिएको वार्षिक लक्ष्य | वार्षिक लक्ष्य अनुसार लाग्ने जम्मा रकम रु. मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उद्धार | प्रतिव्यक्ति | | | | |
| २. | आरक्षण | प्रतिव्यक्ति प्रति महिना | | | | |
| २.१ | खानेकुरा | प्रतिव्यक्ति एक पटक | | ......व्यक्ति दिन | | |
| २.२ | लुगाफाटो | प्रतिव्यक्ति | | | | |
| २.२.१ | लगाउने लुगा | प्रतिव्यक्ति प्रतिदिन | | | | |
| २.२.२ | विस्तरा | प्रतिव्यक्ति | | | | |
| २.२ | प्रभावित व्यक्तिको फुटकर खर्च | प्रतिव्यक्ति प्रतिदिन | | ......व्यक्ति दिन | | |
| ३. | पारिवारिक पुनर्मिलन | प्रतिव्यक्ति | | | | |
| ४. | नियमित औषधोपचार | प्रतिव्यक्ति | | | | |
| ५. | मनोसामाजिक विमर्श | प्रतिव्यक्ति | | | | |
| ६. | कानुनी परामर्श रउपचार | प्रतिव्यक्ति | | | | |
| ७. | जीवनोपयोगी सीप तालिम | प्रतिव्यक्ति एक पटक | | | | |
| | | | | | | |

**विवरण खण्ड २ :बोलकबोलमा नपर्ने खुद खर्चको आधारमा भुक्तानी हुने रकम (Provisional sum)पछि**

| सि.नं | विवरण | एकाई | प्रति इकाई लाग्ने खर्चकोदर | प्रस्तावकले अनुमान गरेको वार्षिक लक्ष्य | वर्षिक लक्ष्य अनुसार लाग्ने जम्मा रकम रु. मा |
|---|---|---|---|---|---|
| १. | रोजगारीका लागि सीप तालिम | प्रतिब्यक्ति | | | |
| २. | स्व-रोजगारीका लागि सीप एवं उद्यमशीलता तालिम | प्रतिब्यक्ति (…दिन/महिनाको तालिम) | | | |
| ३. | रोजगारी वा स्व-रोजगारीका सिलसिलामा स्थापना खर्च | प्रतिब्यक्ति | | | |
| ४. | स्व-रोजगारी योजना कार्यन्वयनका लागि बीउपुँजी | प्रतिब्यक्ति | | | |
| ५. | संप्रेषित वा आकस्मिकऔषधोपचार | प्रतिब्यक्ति | | | |
| ६. | विद्यालय शिक्षा | प्रतिब्यक्ति | | | |
| ६.१ | पोशाकतर्फ | प्रतिब्यक्ति | | | |
| ६.२ | शिक्षातर्फ प्रतिब्यक्ति बोलकबोलमा नपर्ने जम्मा रकम | - | | | |

द्रष्टव्य: प्रत्येक पानामा अधिकृत ब्यक्तिले हस्ताक्षर गर्नुपर्नेछ।